नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६८४१

मिति २०७९।१२।२६

विषय : जन्म दर्ता सम्बन्धमा

श्री स्थानीय पञ्जिकाधिकारी,
सबै (६७४३ वडा कार्यलयहरु )।

यस विभागबाट मिति २०७९/०७/३० मा गरिएको परिपत्रको बुदा नं. २ अनुसार एकल महिलाबाट जन्म भएका बच्चाको आमाले विवाह गरेको अवस्थामा त्यस्ता बच्चाको जन्म दर्ता गर्ने स्थान र थरका विषयमा द्विविधा उत्पन्न भइ थप स्पष्ट गरिदिन विभिन्न स्थानीय तहहरुबाट अनुरोध भइ आएकोले दोहोरो दर्ता नहुने गरी बच्चाको जन्म दर्ता गर्ने सम्बन्धमा विभागको च.नं. १६२६ मिति २०७९/१२/२२ को परिपत्रबाट सबै स्थानीय पञ्जिकाधिकारीहरुलाई पत्र मार्फत जानकारी गराइएको व्यहोरा बिदितै छ।
बच्चाको जन्मदिने आमाको लैङ्गिक भूमिकालाई उच्च सम्मान गर्दै नेपालको संविधानको धारा ३९ अनुसार प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक संरक्षण गर्न माथि उल्लिखित परिपत्रका सम्बन्धमा थप स्पष्ट गरिएको छ।तसर्थ, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (दोश्रो संशोधन सहित), २०७७ को नियम २८ को देहाय खण्ड (क) बमोजिम जन्म दर्ता सम्बन्धमा सहजता र एकरुपता कायम गर्ने गरी तपसिल अनुसार गर्नु गराउनुहुन अनुरोध छ।

<u>तपसिल</u>

१. एकल महिलाबाट जन्म भएको तर पितृत्वको ठेगान नलागेको बच्चाको जन्म दर्ता गर्दा आमाको थर र स्थायी ठेगाना राखी जन्म दर्ता गरिदिने।
२. विवाह अघि बच्चा जन्म भएको एकल महिलाले विवाह गरी पतिको ठेगानामा सँगै बसेको अवस्थामा आमा सूचक भइ बच्चा जन्मदा कायम भएको आमाको थर राखी हालको स्थायी ठेगानामा जन्म दर्ता गरिदिने । यदि बच्चा मावलीमा बसेको भए सोही ठेगानामा जन्म दर्ता गरिदिने।
३. बच्चाको जन्म दर्ता भईसकेपछि पितृत्व/बाबुको ठेगान पत्ता लागेको अवस्थामा माथि प्रकरण नम्बर (१) र (२) अनुसार भएको जन्म दर्ता नियमानुसार रद्द गरी बाबुको ठेगानाबाट बाबु वा आमा वा दुबैको थर राखी नयाँ जन्मदर्ता गरिदिने।

क्रमश:

महानिर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np